नेपाली राजदूतावास
मस्कट, ओमान
**Embassy of Nepal**
Muscat, Sultanate of Oman

سفارة النيبال
مسقط - سلطنة عمان

**Press Release on Business Interaction and Networking event**

The Embassy of Nepal in Muscat successfully organized an Export, Investment, Tourism and Employment promotion program entitled "**Business Interaction and Networking event**" at Nepal House, Muscat on 04 August 2026. The event focused on information dissemination related to the opportunities of export from Nepal and investment avenues in Nepal, and establishing connection between the Nepali and Omani businesspersons. More than 70 participants including high-level Trade Delegation from Nepal, CEOs, Directors, Managers and representatives of business houses and Hypermarkets in Oman, Media persons and Nepali businesspersons attended the event.

Mr. Bishesh Kumar Sah, Chargé d'Affaires, during his welcome address, expressed gratitude to the guests for accepting the invitation. Mr. Sah informed the gathering that Nepal has prioritized Oman as an important partner for exploring the possibilities of trade and investment and expressed his happiness about the first visit of a high-level delegation from Nepal. He also presented on the Investment opportunities available in Nepal. He mentioned about the process of investment, institutional arrangements and why Nepal is an attractive destination for Omani investment. After the presentation, he expressed his heartfelt condolence on the untimely demise of Nadhira Al Harthy, first Omani women to summit Mt. Everest and other famous mountaineers who lost their lives in a mountain avalanche.

Mr. Govind Ghimire, President, Federation of Entrepreneurship Nepal (FEEN), presented on the potential of export trade from Nepal enlisting few products with comparative advantages. Mr. Ghimire further explained how FEEN has been promoting export economy of Nepal. Mr. Rabindra Shakya, President, Federation of Handicrafts Association Nepal also delivered a presentation explaining the unique and traditional craftmanship of Nepal in terms of handicrafts. He presented a list of handicraft items that has high potential for trade in Oman and GCC.

An array of Nepali products was put on display for the participants to view. During the networking session, guests enquired about the products and expressed their willingness to explore the possibility of business. The trade delegation interacted with the participants to establish a relation for possible future ventures. A dinner including Nepali dish, Mo:Mo, was served for the guests. The event was emceed by Ms. Usha Adhikari, Third Secretary.

The high-level Trade Delegation arrived Muscat, Oman on 03 August 2026. The Embassy organized a B2B Interaction with Lulu Hypermarket on 04 August 2026 and few more B2B interactions have been planned on other dates. The delegation will hold high-level official meetings and interactions with Oman Chamber of Commerce and Industry (05 August) and Oman Investment Authority (06 August). An interaction with Nepali community is planned on 07 August before their departure on same day.

**The Embassy of Nepal, Muscat**
**Sultanate of Oman**
**04 August 2026**

नेपाली राजदूतावास
मस्कट, ओमान
**Embassy of Nepal**
Muscat, Sultanate of Oman

سفارة النيبال
مسقط - سلطنة عمان

## प्रेस विज्ञप्ति

मिति २०८३ श्रावण १९ गते नेपाली राजदूतावास, मस्कटले "व्यापार अन्तरक्रिया तथा सम्बन्ध स्थापना" सम्बन्धी निर्यात-लगानी कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्यो। कार्यक्रममा नेपालबाट निर्यातजन्य उत्पादन, नेपालमा लगानीका अवसरहरू तथा नेपाली र ओमानी व्यवसायीहरूबीच व्यावसायिक सम्बन्ध विस्तार गर्ने विषयमा जानकारी आदानप्रदान गरिएको थियो। सो कार्यक्रममा उच्चस्तरीय नेपाली व्यापार प्रतिनिधिमण्डल, ओमानस्थित व्यावसाय तथा हाइपरमार्केटका प्रमुख कार्यकारी अधिकृत, निर्देशक तथा प्रतिनिधिहरू, सञ्चारकर्मी र ओमानस्थित नेपाली व्यवसायीहरू गरी ७० भन्दा बढीको उपस्थिति रहेको थियो।

कार्यवाहक राजदूत श्री बिशेष कुमार साहले स्वागत मन्तव्य दिँदै उपस्थित सम्पूर्ण अतिथिहरूप्रति आभार व्यक्त गर्नुभयो। उहाँले व्यापार तथा लगानीका सम्भावनाको प्रवर्द्धनका लागि नेपालले ओमानलाई एक महत्वपूर्ण साझेदारका रूपमा प्राथमिकतामा राखेको उल्लेख गर्दै नेपालबाट पहिलोपटक उच्चस्तरीय व्यापार प्रतिनिधिमण्डलको भ्रमण भएकोमा खुसी व्यक्त गर्नुभयो। साथै उहाँले नेपालमा उपलब्ध लगानीका अवसर, लगानी प्रक्रिया, संस्थागत व्यवस्था तथा ओमानी लगानीकर्ताका लागि नेपाल किन आकर्षक गन्तव्य हो भन्ने विषयमा प्रस्तुति दिनुभयो। प्रस्तुतिपश्चात उहाँले सगरमाथा आरोहण गर्ने पहिलो ओमानी महिला नादिरा अल हार्थी तथा हिमपहिरोमा परी निधन भएका अन्य पर्वतारोहीहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुभयो।

निर्यात व्यवसारी महासंघ नेपालका अध्यक्ष श्री गोविन्द घिमिरेले नेपालबाट निर्यात गर्न सकिने प्रतिस्पर्धात्मक लाभ भएका विभिन्न उत्पादनहरूको सम्भावनाबारे प्रस्तुति दिनुका साथै निर्यातमुखी अर्थतन्त्रको प्रवर्द्धनमा महासंघले गरिरहेका प्रयासहरूबारे जानकारी गराउनुभयो। नेपाल हस्तकला महासंघका अध्यक्ष श्री रविन्द्र शाक्यले नेपाली हस्तकलाको मौलिकता, परम्परागत सीप तथा ओमान र खाडी मुलुकहरूमा व्यापारिक सम्भावना भएका हस्तकलाका सामग्रीहरूको विषयमा प्रस्तुति दिनुभयो।

कार्यक्रममा विभिन्न नेपाली उत्पादनहरूको प्रदर्शनी समेत गरिएको थियो। सहभागीहरूले नेपाली उत्पादनप्रति चासो व्यक्त गर्दै व्यापारिक सम्भावनाबारे छलफल गरेका थिए। नेपालबाट आएको व्यापारिक प्रतिनिधिमण्डलले सहभागी व्यवसायीहरूसँग भावी सहकार्य तथा व्यावसायिक साझेदारीका सम्भावनाबारे अन्तरक्रिया गरेको थियो। कार्यक्रममा नेपाली परिकार, विशेषगरी मःम सहितको रात्रिभोजको व्यवस्था गरिएको थियो। कार्यक्रमको सञ्चालन तृतीय सचिव सुश्री उषा अधिकारीले गर्नुभएको थियो।

उच्चस्तरीय व्यापारिक प्रतिनिधिमण्डल ०३ अगस्ट २०२६ मा मस्कट आइपुगेको हो। प्रतिनिधिमण्डलका लागि ०४ अगस्टमा लुलु हाइपरमार्केटसँग B2B अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो भने अन्य कम्पनीहरूसँग पनि आगामी दिनहरूमा यस्ता कार्यक्रमहरू आयोजना गरिनेछन्। प्रतिनिधिमण्डलले ओमान चेम्बर अफ कमर्स एण्ड इन्डष्ट्री तथा ओमान इन्भेष्टमेन्ट अथोरिटीसँग उच्चस्तरीय भेटघाट तथा अन्तरक्रिया गर्ने कार्यक्रम रहेको छ। साथै, स्वदेश फिर्ता हुनुअघि ओमानस्थित नेपाली समुदायसँग अन्तरक्रिया कार्यक्रम पनि आयोजना गरिनेछ।

नेपाली राजदूतावास, मस्कट
ओमान
०४ अगस्ट २०२६

नेपाली राजदूता...

Shatti Al-Qurum, P.O.Box 517, PC116, Villa No.2294, Way No.2830, Tel: +968 24696177, Email: eonmuscat@mofa.gov.np